PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

## बबरमहल,काठमाण्डौ

फोनः ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१९

**मितिः- २०८०/०८/२४ गते ।**

### “ म्यानमार पुऱ्याई बन्धक बनाई Online Scamming मा लगाउने व्यक्ति पक्राउ”

थाईल्याण्ड स्थित चिनियाँ कम्पनीमा अंग्रेजी ट्रान्सलेटरको राम्रो रोजगारीको प्रलोभन देखाई पिडीतलाई झुक्याई म्यानमारको म्यावडी(Myawaddy) स्थित चिनीयाँ कम्पनीमा पुर्याई बन्धक बनाई दिनको १८-२० घण्टा सम्म दास तुल्याई Online Scamming मा लगाई मानव बेचबिखन गरेको आरोपमा मिति २०८०।०८।२१ गतेका दिन काठमाण्डौबाट बुद्द लामालाई पक्राउ गरी निजलाई मावन बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानीत काठमाण्डौ जिल्ला अदालतबाट दिन ७ (सात)को म्याद लिई अनुसन्धान कार्य भईरहेको ।

- **पक्राउ अभियुक्तः-**काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं ०३ बाँसवारी वतन भएको बर्ष ३६ को बुद्द लामा ।



- **अनुसन्धानका क्रममा खुल्न आएका कुराहरुः-**

१) पिडीतलाई कल सेन्टरमा अंग्रेजी ट्रान्सलेटरको काम हो,मासिक रु.१,३०,०००।- कमाई हुन्छ, खाने, बस्ने व्यवस्था समेत कम्पनीले नै गर्छ, राम्रो काम गर्दै गयो भने पारीश्रमीक पनि बढ्दै जान्छ भनि प्रतिवादीहरुले रु.१,५०,०००।- लिई म्यान्मार पठाएको खुल्न आएको ।

२) पिडीतलाई थाईलैण्ड भनि झुक्याई म्यानमारको म्यावडी(Myawaddy) स्थित चिनियाँ कम्पनीमा पुर्याई फेसबुक,ह्वाटसएप,ट्वीटर जस्ता सामाजीक सञ्जाल मार्फत अमेरीकी,युरोपीयन नागरीकहरुलाई के कसरी ट्रयापमा पारी online मार्फत बिट क्वाईनमा लगानी गर्न आकर्षित गर्न सकिन्छ भन्ने बारेमा ७ दिनको तालीम दिएको खुल्न आएको ।

३) कम्पनीले तोकेअनुसारको टार्गेट पुर्याउन नसकेमा कुटपिट गर्ने,ईलेक्ट्रीक सक(करेन्ट) लगाउने जस्ता शारिरीक मानसिक यातना दिने गरको खुल्न आएको ।

४) कम्पनीलाई चारैतिरबाट सुरक्षा गार्डले पहरा दिनुका साथै CC camera समेत जडान गरी कम्पनी भन्दा बाहीर आफुखुसी जान नपाउने गरि कम्पनी भित्रै १८-२० घण्टा सम्म Online Scamming को काममा लगाई cyber slave बनाई राखीएको ।

५) पिडीतले म्यानमार पुगेको १० महीना पछि नेपाल फर्कन म्यानमार स्थित कम्पनीलाई रु. ८ लाख तिर्न बाध्य भएको ।

६) यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास एवं पक्राउ लगायत अन्य अनुसन्धान कार्य भई रहेको ।

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नंः-९८५१२८१३३०